Samriddhi Finance
Partnership for Prosperity

# समृद्धि फाइनान्स कम्पनी लिमिटेड
# Samriddhi Finance Company Limited

नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्रप्राप्त संस्था
**रजिष्टर्ड केन्द्रिय कार्यालय:** हेटौंडा १, मकवानपुर, फोन नं: ०५७-५२५१००/५२३२२९
E-mail: info@sfcl.com.np, Website: www.sfcl.com.np

**को**

## संस्थापक तथा सर्वसाधारण समूहको अवितरित हकप्रद शेयर बिक्री गर्नका लागि गोप्य शिल्ड टेन्डर (बोलपत्र) आव्हान सम्बन्धी सूचना

**शिलबन्दी बोलपत्र पेश गर्ने शुरु मितिः २०७८/१२/२९**
**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मितिः २०७९/०१/०७ (बैंकिङ्ग समयसम्म)**

समृद्धि फाइनान्स कम्पनी लि.को संस्थापक तथा सर्वसाधारण समूहको जम्मा २७,२९,७०५ कित्ता हकप्रदको लागि मिति २०७८/११/०८ गतेदेखि २०७८/११/२९ गतेसम्म बिक्री खुल्ला गरी आवेदन माग गरिएकोमा संस्थापक समूहको ८,६७,३६६ तथा सर्वसाधारण समूहको ७३,१०० कित्ता गरी जम्मा ९,४०,४६६ कित्ता शेयरको लागि आवेदन नपरेकोले प्रचलित कानूनको अधिनमा रही नेपाल राष्ट्र बैंकद्वारा जारी एकिकृत निर्देशन, २०७८ तथा धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका २०७४ को निर्देशन नं. १५ मा उल्लेखित प्रावधान बमोजिम अवितरित हकप्रद शेयर लिलाम बढाबढ गरी बिक्री गर्न यस संस्थाको सञ्चालक समितिको निर्णयअनुसार उक्त शेयरहरु खरीद गर्न ईच्छुक यस कम्पनीका संस्थापक तथा सर्वसाधारण शेयरधनी तथा उक्त शेयर खरीद गर्न योग्य अन्य व्यक्ति, कम्पनी, संघ, संस्थाहरुले मितिः २०७९/०१/०७ गते बैंकिङ्ग समयभित्र तल उल्लेखित संकलन केन्द्रमा आइपुग्ने गरी प्रति कित्ता के कति दर रेटमा लिन कबुल गर्ने हो तपशिलमा उल्लेखित शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र आवेदन पेश गर्नुहुन आव्हान गरिन्छ।

| क्र.सं. | बोलपत्र आवेदन फाराम पाइने र बुझाउने स्थान (संकलन केन्द्र) को नाम र ठेगाना |
|---|---|
| १. | बि.ओ.के. क्यापिटल मार्केट लि., नारायणचौर, नक्साल, काठमाण्डौ। |
| २. | बैंक अफ काठमाण्डू लि.को शाखा कार्यालयहरुः मेनरोड- बिराटनगर, आदर्शनगर -विरगंज, न्यूरोड -पोखरा, ट्राफिक चोक -बुटवल, सुर्खेत रोड - नेपालगंज, विरेन्द्रचौक विरेन्द्रनगर- सुर्खेत मेनरोड, चौराहा- धनगढी। |
| ३. | समृद्धि फाइनान्स कम्पनी लि. केन्द्रिय कार्यालय हेटौडा- मकवानपुर, शाखा कार्यालयहरु पुतलीसडक- काठमाडौं, नारायणगढ-चितवन, पोखरा- कास्की, बुटवल-रुपन्देही। |

**बोलपत्रद्वारा बिक्री गरिने शेयरको विवरणः**

| क्र.सं. | कम्पनीहरुको नाम | शेयर कित्ता | समूह |
|---|---|---|---|
| १. | समृद्धि फाइनान्स कम्पनी लि. | ८,६७,३६६ | संस्थापक |
| २. | समृद्धि फाइनान्स कम्पनी लि. | ७३,१०० | सर्वसाधारण |

**शर्तहरुः**

१. बोलपत्र आवेदन फाराम रु १००/- भुक्तानी गरी बि.ओ.के. क्यापिटल मार्केट लि. नारायणचौर, नक्साल, काठमाडौंबाट तथा यस कम्पनीको Website:www.bokcapital.com.np मार्फत तथा समृद्धि फाइनान्स कम्पनी लि. को कार्यालय तथा शाखा कार्यालयबाट प्राप्त गर्न सकिन्छ। यदि Online बाट फाराम लिइ भरेको खण्डमा उक्त फारामलाई शिलबन्दी गर्नुपूर्व बि.ओ.के.क्यापिटल मार्केट लि. को नाममा रु. १००/- भुक्तान गर्नुपर्नेछ।

२. आवेदन फाराममा आफूले लिन चाहेको शेयर कित्ताको दर रेट अंक र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ। अंक र अक्षरमा लेखेको फरक भएमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ। केरमेट भएका ठाउँमा दस्तखत गर्नु पर्नेछ।

३. प्रति कित्ता रु १००/- (अक्षरेपी एक सय मात्र) तोकिएको हुँदा उक्त मूल्य भन्दा कम मूल्य अंकित गरि पेश गरेको बोलपत्र आवेदन स्वतः रद्द हुनेछ।

४. संस्थापक समूहको शेयर खरीदको लागि आवेदन गर्दा न्यूनतम १,००० (एक हजार) कित्ताको लागि आवेदन दिनुपर्नेछ भने सर्वसाधारण समूहको शेयर खरीदको लागि आवेदन गर्दा न्यूनतम १०० (एक सय) कित्ताको लागि आवेदन दिनुपर्नेछ। अधिकतम कित्ताको लागि माथि उल्लेखित सम्पूर्ण शेयर संख्याको लागि आवेदन दिन सकिने छ। तर शेयर खरीद गर्न आवेदन गरेको कुल शेयर कित्ता जोड्दा नेपाल राष्ट्र बैंकले एउटा व्यक्ति, एकाघर परिवारका सदस्य वा संस्थाले खरीद गर्न वा राख्न पाउने भनी तोकेको अधिकतम संख्या सीमा भन्दा बढी नहुने गरी आवेदन पेश गर्नुपर्नेछ। दशमलव (खण्डित रुप) मा आउने गरी शेयर संख्या आवेदन गर्न पाइने छैन।

५. संस्थापक समूहको शेयर खरीद गर्न ईच्छुक सम्पूर्ण खरीदकर्ताहरुले नेपाल राष्ट्र बैंकबाट संस्थापक शेयरधनीको लागि तोकिएको Fit & Proper Test (अनुसूचि ३) को विवरण, कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा समावेश नभएको प्रमाणित प्रतिलिपि, पछिल्लो आ.व.को कर चुक्ता प्रमाणपत्र वा कर दाखिला गरेको निस्सा, आयस्रोत खुल्ने कागजातको प्रतिलिपि, स्थायी लेखा नम्बर (PAN) को प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्नुपर्नेछ।

६. कम्पनीको हकमा आवेदनका साथ कम्पनीको दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र, वित्तीय विवरण, कम्पनीको आयस्रोत खुल्ने कागजात, शेयर खरीद गर्ने सम्बन्धमा सो संस्थाको संचालक समितिको निर्णयको प्रतिलिपि संलग्न गर्नुपर्नेछ। साथै उक्त संस्था नेपाल राष्ट्र बैंकबाट बैंक तथा वित्तीय संस्थालाई जारी निर्देशन अनुसार संस्थापक शेयर खरीद गर्न योग्य हुनुपर्नेछ।

७. रु. ५,००,०००/- सम्मको लागि आवेदन दिने आवेदकहरुले स्वेच्छिक रुपमा र सो भन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदन फाराममा आफ्नो स्थायी लेखा नं. (PAN) खुलाउनु पर्नेछ। यसको अतिरिक्त रु. १०,००,०००/- वा सो भन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफुले आवेदन दिंदा जम्मा गरेको रकम सम्पत्ति शुद्धिकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन को बर्खिलाप हुने गरि आर्जन नगरेको भनी उद्घोष गर्नुपर्नेछ।

८. बोलपत्रवालाले आफुले खरीद गर्न चाहेको शेयरको सम्पूर्ण रकम बैंक अफ काठमाण्डू लि. कमलपोखरीमा रहेको समृद्धि अक्सन (Samriddhi Auction) को खाता नं. ०१५९००००६००५२४ मा नगद जम्मा गरी सो को सक्कल बैंक भौचर वा समृद्धि अक्सन (Samriddhi Auction) को नाममा जारी गरिएको Good for payment cheque संलग्न गरी शिलबन्दी बोलपत्र पेश गर्नु पर्ने पर्नेछ। यदी चेक भुक्तानी नभएमा दरखास्त फारम स्वतः रद्द हुनेछ। साथै Good for payment cheque मार्फत आवेदन गर्नेको हकमा चेक क्लियरिङ्ग शुल्क बापतको रकम आवेदक स्वयंले व्यहोर्नु पर्नेछ।

९. शिलबन्दी खाम बाहिर संस्थापक समूहको शेयर खरीदको लागि "**समृद्धि फाइनान्स कम्पनी लिमिटेड (संस्थापक समूह)**" तथा सर्वसाधारण समूहको शेयर खरीदको लागि "**समृद्धि फाइनान्स कम्पनी लिमिटेड (सर्वसाधारण समूह)**" उल्लेख गरी छुट्टाछुट्टै शिलबन्दी खाम पेश गर्नु पर्नेछ शिल्ड बोलपत्र लाहाछाप गरिएको हुनुपर्ने छ। एक व्यक्ति संस्था वा कम्पनीले एक भन्दा बढी बोलपत्र पेश गर्न पाइने छैन।

१०. बोलपत्र मिति २०७९/०१/०७ गते बैंकिङ्ग समय भित्र माथि उल्लेखित संकलन केन्द्रहरुमा दर्ता भई सक्नुपर्नेछ। म्याद नाघि आएको वा रित नपुगेको आवेदनहरु बाँडफाँटमा समावेश गरिने छैन।

११. बोलपत्रवालाले कुनै शर्त राखी पेश गरेको बोलपत्रलाई मान्यता दिईने छैन।

१२. शेयर खरीदको लागि आवेदन पेश गर्दा विद्यमान शेयरधनी भएमा शेयरधनी नम्बर वा हितग्राही खाता नं. अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ र अन्य अवेदकहरुको हकमा हितग्राही खाता नं. अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ। हितग्राही खाता नं. नहुने आवेदकले बि.ओ.के. क्यापिटल मार्केट लि., नारायणचौर, नक्साल तथा बैंक अफ काठमाण्डू लि.को कुनै पनि शाखा कार्यालय तथा बि.ओ.के. क्यापिटल मार्केट लि., Website: www.bokcapital.com.np मार्फत अनलाइनबाट निःशूल्क हितग्राही खाता खोली आवेदन दिन सकिने छ।

१३. काबु बाहिरको परिस्थिती पर्न गई निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा समयमा बोलपत्र प्राप्त हुन नसकेमा सो को जानकारी नेपाल धितोपत्र बोर्डलाई गराई बोर्डको निर्देशानुसार लिलाम बढाबढको प्रक्रिया अगाडी बढाइने छ।

१४. संस्थापक शेयर बाँडफाँट गर्दा हाल कायम संस्थापक शेयरधनीहरुलाई पहिलो प्राथमिकता दिइने छ। प्राथमिकताका क्रममा परेका विद्यमान संस्थापकहरुलाई शेयर बिक्री पश्चात् रहन आउने संस्थापक शेयर मात्र सर्वसाधारण आवेदकहरुलाई बोलकबोलको मान्यता अनुसार शेयर बाँडफाँटमा समावेश गरिने छ।

१५. सर्वसाधारण शेयर बाँडफाँट गर्दा सबैभन्दा बढी मूल्यमा बोलकबोल गर्ने आवेदकलाई शेयर बिक्री गरिनेछ। यसबाट पनि शेयर बाँकी रहेमा त्यस पछिको बढी कबोल गर्नेलाई बिक्री गरिनेछ। बोलकबोलमा शेयर बिक्री गर्दै जाँदा अन्तिम मूल्यमा दुई वा दुई भन्दा बढी आवेदकहरु पर्न गएमा बोलकबोलबाट बाँकी शेयरहरु माग भएको शेयर संख्याको सापेक्षिक भार अनुसार दामासाहीले बाँडफाँट गरिने छ। प्राप्त बोलपत्रहरु कुनै कारण खुलाई वा नखुलाई पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कम्पनीको संचालक समितिमा निहित रहने छ।

१६. प्राप्त बोलपत्रहरु तोकिएको संकलन केन्द्रहरुबाट बिक्री प्रबन्धकको कार्यालयमा प्राप्त भए पश्चात् राष्ट्रिय स्तरको पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गरी बोलपत्र खोलिने मिति, समय र स्थानको बारेमा जानकारी गराइने छ।

१७. यस कम्पनीको स्वीकृत बोलपत्रलाई बाँडफाँट गर्ने निर्णय गरेको जानकारी राष्ट्रिय स्तरको पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गरी सम्बन्धित आवेदकलाई जानकारी गराइनेछ।

१८. बोलपत्र आवेदनहरु मध्ये बोलकबोलमा नपरेको आवेदकहरुको जम्मा भएको रकम धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका २०७४ मा व्यवस्था भए बमोजिम IPS मार्फत सिधै आवेदकको बैंक खातामा रकमान्तरण गरिने छ। साथै सो रकममा कुनै किसिमको ब्याज प्रदान नगरिने व्यहोरा जानकारी गराइन्छ।

१९. आवेदन फाराममा खाता रहेको बैंकको नाम र बैंक खाता नं. अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ।

२०. कथमकदाचित शेयर खरीदको लागि कुनैपनि बोलपत्र पेश हुन नआएमा वा बिक्री गर्ने सम्पूर्ण शेयरका लागि बोलपत्र पेश हुन नआएमा वा आंशिक रुपमा बोलपत्र पेश भई बाँकी रहन जाने भएमा संचालक समितिको निर्णय बमोजिम हुनेछ। शेयर बिक्री गर्ने वा नगर्ने वा आवेदनमा माग गरेको भन्दा कम शेयर बाँडफाँट गर्न सक्ने वा बोलपत्र आवेदन तथा शेयर बाँडफाँट सम्बन्धी कुनै विवाद उत्पन्न भएमा सो को अन्तिम निर्णय गर्ने अधिकार यस कम्पनीको संचालक समितिमा निहित रहने छ।

२१. बोलपत्र स्वीकृत भएको खण्डमा बोलपत्र स्वीकृतिको जानकारी बिक्री प्रबन्धकको Website:www.bokcapital.com.np मार्फत वा यस लि. को सूचना पाटीमा हेर्न सक्नु हुनेछ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

**बि.ओ.के. क्यापिटल मार्केट लि.**
**B.O.K Capital Market Ltd.**
A subsidiary of Bank of Kathmandu Limited

नारायणचौर, नक्साल, काठमाडौं, नेपाल।
फोन नं.: ०१-४५१३४९६, ४५१३०९६
Email: info@bokcapital.com.np
Website: www.bokcapital.com.np